# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपुर, गण्डकी प्रदेश, नेपाल

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## कवाडी निकासी कर संकलनको लागि बोलपत्र आव्हानको सूचना

तेस्रो पटक प्रकाशित मितिः- २०८१/०७/०८

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार देवचुली नगरपालिकाको क्षेत्र भित्र उत्सर्जन भई संकलन भएका कवाडी मालसमान निकासी करको लागि आर्थिक वर्ष ८१।८२ को लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक (मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ सम्मको फर्म नवीकरण, आ.व. २०७९/८० को आयकर चुक्ता प्रमाण पत्र) भएका फर्म/ कम्पनीबाट देहायको समयभित्र https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन् सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

| सि. नं. | सुचना नं / बोलपत्र नं. | बोलपत्रको नाम | न्युनतम बोलपत्र रकम (मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|---|
| ०१ | DEV/NCB GOODS/01/2081/082( 3rd time) | नगरपालिका क्षेत्र भित्र उत्सर्जन भई निकासी हुने कवाडजन्य सामानको निकासी कर संकलन | रु २६,३१,४८०। | रु १,४८,६८०। | रु ३०००,०० |

### वोलपत्र सम्वन्धी शर्तहरु

१। उपरोक्त टेक्काको लागी रु.३००० (फिर्ता नहुने गरि) रकमको वोलपत्र खरिद गरी यस कार्यालयको दलदले स्थित NIC ASIA बैङ्कमा रहेको राजश्व खातामा (फिर्ता नहुने गरि) जम्मा गरि गरी ८ औं दिनको १२ वजे भित्र यस कार्यालयमा ई-वोलपत्र https://bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ, ८ औं दिन सम्म प्राप्त वोलपत्रहरु सोही दिन १ वजे वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रनिनिधिको रोहवरमा वोलपत्र खोल्न वाधा पर्नेछैन। उक्त दिन सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिनको १ वजे वोलपत्र खोलिनेछ।

२) वोलपत्र फारम पेश गर्दा स्व-घोषणा सहित मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ सम्मको फर्म नवीकरण, आ.व. २०७९/८० को आयकर चुक्ता प्रमाण पत्र., फारम खरिद गरेको भौचरको स्क्यान प्रति पेश गर्नु पर्नेछ।

३) वोलपत्र फारम भरी पेश गर्दा आँफूले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखि धरौटी रकम यस कार्यालयको दलदले स्थित NIC ASIA बैङ्कमा धरौटी खातामा रकम जम्मा गरेको सक्कल वैङ्क भौचर वा मान्यता प्राप्त वैङ्कले यस

CamScanner

कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको ठेक्का खोल्ने दिन देखि कम्तिमा १२० दिन म्याद भएको बैङ्क बोलपत्र जमानतपत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

<u>बैक खाता सम्बन्धि जानाकारी</u>

बैकको नाम:- NIC ASIA दलदले शाखा

कार्यालयको नाम:- देवचुली नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय,

कार्यालयको खाता नं. ग १.१ आन्तरिक राजस्व खाता: ०७७२०५००२९१६५००२( फारम दस्तुरको लागि।

ग ३ स्थानीय तह धरौटी खाता:०७७२०५००२९१६५००७ (धरौटी रकमको लागि ।

४। यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन।

५। ठेक्का अवधि ठेक्का प्रक्रिया पुरा गरी सम्झैता भएको मिति देखि लागु भई २०८२ असार मसान्त सम्म मात्र हुनेछ ।

६। कुल बोलकबोल रकमको अंक बराबरको रकम यस नगरपालिकाको खातामा दाखिला भएपछीमात्र सम्झौता गरिने छ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई समायोजन गर्न पाइने छैन।

७। ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क. (VAT) १३% रकम थप गरी कुल सम्झौता रकम कायम गरिने छ ।

<u>रकम दाखिला गर्ने तालिका</u>

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. | कैफियत |
|---|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र (सम्झौता अगावै ) | सम्झौता अंकको ५० प्रतिशतले हुन आउने रकम र बाकी रकमको ठेक्का अवधि सहित थप एक महिनाको बैंक ग्यारेन्टी | बोलपत्र पेश गर्दाको बखत राखिएको धरौटी रकम समायोजन नहुने गरि |
| अन्तिम | २०८२ जेठ मसान्त भित्र | बाँकी रकम सबै | |

८) ठेक्का सम्झौताको समयमै एकमुष्ट रुपमा बोलकबोल रकम दाखिला गरेमा बोलकबोल रकम(भ्याट रकम बाहेक)मा ५ प्रतिशत छुट दिईनेछ ।

९। कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको वा Hard copy मार्फत पेश गरेको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

१०) पेश भएका बोलपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

११) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदाहरु र ठेक्का स्विकृती पश्चात सम्झौता उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

१२) यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्यांङ्कनमा समावेश गरिने छैन ।

१३) अन्य कुराहरु प्रचलित ऐन कानून तथा कार्यविधि बमोजिम हुनेछ ।

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## बोलपत्र सम्बन्धि अन्य सर्तहरु

१। ठेक्काबोल कबोल गर्ने ठेकदारले नगरपालिकाको कार्यालयले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाईएमा नियमानुसार कारबाही गरिने छ ।

२। माथि सर्त न. १ मा उल्लेख भई प्रयोग गरिएका रसिदको एक प्रति नगरपालिकामा बुझाउनुपर्ने छ ।

३। ठेकेदारले उठाउने कर शुल्क नगरपालिकाले तोकेको दररेटमा नै उठाउनुपर्ने छ साथै कर संकलन केन्द्रमा साईन बोर्डमा सम्झौता बमोजिमको दररेट स्पष्ट रुपमा लेखि राख्न पर्नेछ ।

४। कबाडी कर सकलन नगरभित्र उत्सर्जन भएका कबाडी जन्य समानहरुबाट कवाडी संकलन स्रोतबाट मात्र गर्न पाईनेछ ।कबाडी निकारी कर संकलन राजमार्गमा घाट राखी संकलन गर्न पाईनेछैन । यदि तोकिएको क्षेत्र भन्दा बाहिरको कबाडी कर सकलनको गुनासो वा उजुरी प्राप्त भई प्रमाणित भएमा नगरपालिकाले जुनसुके बखत ठेक्का तोड्न सक्नेछ । यस बापत ठेकदारले कुनै क्षतिपूर्तीको दावि गर्न पाईनेछैन ।

५। कबाडि कर सकलन गर्दा नगरपालिकाको आर्थिक ऐन २०८१।८२ को अनुसूचि ८ बमोजिम गर्नु पर्नेछ । दररेटको अनुसूचि नगरपालिकाको वेभसाइट www.devchulimun.gov.np मा आर्थिक ऐन २०८१।८२ बाट हेर्न सकिनेछ ।

६। तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनुपर्ने छ । अन्तिम किस्ता समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिने छ र त्यस्तो परिस्थितिमा ठेकेदारले कुनै पनि किसिमको क्षतिपूर्तिको दावि गर्न पाउने छैन।

७। प्रचलित कानुन, नगरपलिकाले तोके बिपरित कार्यगरेमा कार्यलयलाई ठेक्का तोड्न कुनै बाधा पर्ने छैन । त्यस्ता कार्यबाट सिर्जित सम्पूर्ण दायित्वहरुको क्षतिपूर्ति स्वयम ठेकेदारको हुनेछ साथै क्षतिपुर्ति सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

८। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

देवचुली नगर कार्यपालिकाको कार्यालय

मुकुन्द शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner